# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका का.मु. सचिव श्री पुण्यप्रसाद दाहाल जापानको राजधानी टोकियोमा आयोजना हुने एशियाली उत्पादकत्व संगठनको गभर्निङ्ग बडीको ३४ औं अधिवेशनमा भाग लिन त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जगदीश्वर उपाध्यायलाई मिति २०४६।४।४ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
रजनीनाथ प्याकुर्याल
श्री ५ को सरकारको अतिरिक्त सचिव

श्री ५ को सरकार

## पर्यटन मन्त्रालयको
## सूचना १

श्री ५ को सरकारले पर्वतारोहणका सम्बन्धमा सन् १९९३ को शरद् ऋतु-देखि लागू हुने गरी देहायबमोजिम हेरफेर गरेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. सगरमाथा हिमाल चुली आरोहण गर्ने ५ जनासम्म सदस्य रहेको पर्वतारोही दलको निमित्त सलामी रकम यू.एस. डलर ५०,००० गर्ने र त्यसदेखि अलग्गा थप सदस्य सम्मिलित हुन चाहेमा प्रत्येक सदस्यको यू. एस. डलर १०,००० सलामी रकम थप लिई २ जनासम्म थप गर्ने र ७ जवान भन्दा बढी सदस्य कुनै हालतमा सम्मिलित गराउन नदिने । साथै सगरमाथा पर्वतारोहण दलका सदस्यहरूलाई ३ महिनाको भिसा उपलब्ध गराउने र तिनीहरूको पदयात्रा अनुमति दस्तूर नलिने ।

२ सगरमाथा आरोहणको लागि एक पटकमा एक ऋतुमा एक रूटबाट एक दललाई मात्र अनुमति प्रदान गर्ने । अनुमति लिइसकेपछि अर्को रूट परिवर्तन गर्न नदिने ।

308



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. सगरमाथा हिमालको सफाईको लागि कुनै दल आउन चाहेमा प्रोपोजल हेरी छुट्टै निर्णय गर्न सकिने ।

४. सगरमाथा आरोहणको लागि हाल तोकिएको सलामी रकम दर अनुसार पूरा वा आंशिक रकम तिरी सकेका दलहरूलाई नयाँ दर लागू भएपछि नयाँ दर अनुसारकै नपुग सलामी रकम बुझाउन लगाउने र उक्त दलले सो नयाँ दर अनुसार सलामी रकम बढेको कारणबाट थप रकम बुझाउन नसकेको भन्ने स्पष्ट भएपछि अनुमति रद्द गरी बुझाइ सकेको रकम फिर्ता दिने ।

५. पर्वतारोही दलले पर्वतारोहणको कार्य समाप्त भएपछि सो दलहरूको गारवेज उसको मुलुकमा नै फिर्ता पठाउने प्रशासकीय व्यवस्था मिलाउने र उक्त कार्यको लागि उक्त दलसँग आवश्यक रकम मन्त्रालयले धरौटी लिने तथा उक्त सामान नेपालबाट डिसपाच भएपछि सो रकम फिर्ता दिने व्यवस्था मिलाउने । यो व्यवस्था यही सन् १९९२ को शरद् ऋतुदेखि लागू हुनेछ।

६. सन् १९९३ को शरद् ऋतुमा सगरमाथा आरोहणको लागि अनुमति पाई पूरा वा आंशिक रकम तिरी सकेका पर्वतारोही दलहरूले नयाँ दर अनुसार थप सलामी रकम बुझाउने हो भने एक रूटमा एक टिमको बन्देज नलगाउने ।

७. खुम्बु क्षेत्रको हिमालहरूमा आरोहणको लागि हाल तोकिएको पर्वतारोही दलको संख्या नौ को सट्टा पाँच गर्ने र थप दुई जना सदस्यसमेत जम्मा सात सदस्य मात्र रहन पाउने व्यवस्था गर्ने ।

८. सन् १९९३ देखि गृष्म ऋतु (जुन, जुलाई र मध्ये अगष्टसम्म) मा पनि पर्वतारोहीहरूका लागि हिमाल आरोहण गर्न दिने गरी खुल्ला गर्ने ।

आज्ञाले,
मोहनराज शर्मा
श्री ५ को सरकारको सचिव

## सूचना २

श्री ५ को सरकारले मिति २०४९।१।२५ को निर्णयानुसार श्री ५ को सरकारले कार्यालय र आयोजनाहरूको काममा एयर ट्रान्सपोर्ट सपोर्ट डिभिजनको ट्वीन अटर वायुयानलाई ग्राह्यता दिई काम दिने र सो वायुयानलाई यू.एन.डी.पी. बाट वायुयान हस्तान्तरण भएकै मितिदेखि लागू हुने गरी अवतरण पार्किङ्ग तथा एयर नेभिगेशन शुल्कहरू छूट दिने समेत निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
राजेन्द्रप्रसाद प्रधान
उपसचिव

302



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## कृषि मन्त्रालयको सूचना

श्री ५ को सरकार (मं. प.) को मिति २०४९।४।१ को निर्णयले कृषि मन्त्रालय र अन्तरगत विभाग, कार्यालयहरूको नयाँ संगठनात्मक स्वरूपलाई मिति २०४९।४।१ देखि नै लागू हुने गरी स्वीकृत गरिएको हुँदा स्वीकृत नयाँ संगठन स्वरूप अनुसार देहायबमोजिम कार्यालयहरूको नामाकरण गरिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. कृषि विभाग, बागवानी विभाग, पशु सेवा विभाग, खाद्य तथा कृषि बजार सेवा विभाग, केन्द्रीय खाद्य अनुसन्धान शाला समेत एकीकृत गरी कृषि विकास विभाग कायम भएको ।

२. साबिकका क्षेत्रीयस्तरमा कृषि र पशु सेवा विभाग अन्तरगत रहेका क्षेत्रीय निर्देशनालयहरूलाई एकीकृत गरी प्रत्येक क्षेत्रमा एक क्षेत्रीय कृषि विकास निर्देशनालय कायम भएको ।

३. जिल्लास्तरमा साबिकका कृषि, पशु सेवा, बागवानी र खाद्य तथा कृषि बजार सेवा विभाग अन्तरगतका सम्पूर्ण कार्यालयहरू एकीकृत गरी प्रत्येक जिल्लामा जिल्ला कृषि विकास कार्यालय कायम भएको ।

४. जिल्ला कृषि विकास कार्यालय अन्तर्गत देहाय अनुसार सेवा केन्द्रहरू कायम भएको:–

(क) तराईका २० र पहाडका ४ जिल्ला गरी जम्मा २४ जिल्लाहरू प्रत्येकमा ७ वटाका दरले

| | | | |
|---|---|---|---|
| १. झापा | २. मोरङ | ३. सुनसरी | ४. सप्तरी |
| ५. सिराहा | ६. धनुषा | ७. महोत्तरी | ८. सर्लाही |
| ९. रौतहट | १०. बारा | ११. पर्सा | १२. चितवन |
| १३. नवलपरासी | १४. रूपन्देही | १५. कपिलवस्तु | १६. दाङ |
| १७. बाँके | १८. वर्दिया | १९. कैलाली | २०. कंचनपुर |
| २१. धनकुटा | २२. काठमाडौं | २३. कास्की | २४. सुर्खेत |

(ख) मध्ये पहाडका ३५ जिल्लाहरू प्रत्येकमा ६ वटाका दरले

| | | | |
|---|---|---|---|
| १. पाँचथर | २. इलाम | ३. तेह्रथुम | ४. भोजपुर |
| ५. रामेछाप | ६. सिन्धुली | ७. काभ्रेपलाञ्चोक | ८. भक्तपुर |
| ९. खोटाङ | १०. ओखलढुंगा | ११. उदयपुर | १२. ललितपुर |

२०५ २०६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १३. नुवाकोट | १४. धादिङ | १५. मकवानपुर | १६. गोरखा |
| १७. लमजुङ | १८. स्यांजा | १९. पर्वत | २०. वाग्लुङ |
| २१. म्याग्दी | २२. पाल्पा | २३. गुल्मी | २४. अर्घाखाँची |
| २५. प्यूठान | २६. तनहुँ | २७. रोल्पा | २८. रूकुम |
| २९. सल्यान | ३०. जाजरकोट | ३१. दैलेख | ३२. अछाम |
| ३३. डोटी | ३४. वैतडी | ३५. डडेलधुरा | |

(ग) उच्च पहाडका १६ जिल्लाहरू प्रत्येकमा ५ वटाका दरले

| | | | |
|---|---|---|---|
| १. ताप्लेजुङ | २. संखुवासभा | ३. सोलुखुम्बु | ४. दोलखा |
| ५. सिन्धुपाल्चोक | ६. रसुवा | ७. मनाङ | ८. मुस्ताङ |
| ९. डोल्पा | १०. जुम्ला | ११. मुगु | १२. हुम्ला |
| १३. कालीकोट | १४. बझाङ | १५. बाजुरा | १६. दार्चुला |

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले २०४१।१।११ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तरका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क्र.सं | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री विश्वनाथ सापकोटा | महानिर्देशक, भूमिसुधार विभाग । | राजपत्राङ्कित प्रथम श्रेणी, सह-सचिवस्तर, अर्थ मन्त्रालय । |
| २. | श्री मंगलकृष्ण श्रेष्ठ | सह-सचिव, सामान्य प्रशासन मन्त्रालय । | " " |

आज्ञाले,
श्यामप्रसाद अधिकारी
श्री ५ को सरकारको सचिव

306



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०४९।२।४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री ध्रुवप्रसाद घिमिरे | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, गृह मन्त्रालय वा अन्तर्गत । |
| २. | श्री मानप्रसाद प्रधान | ,, ,, | ,, ,, |
| ३. | श्री कौशलदेव जोशी | ,, ,, | ,, ,, |
| ४. | श्री जनार्दनराज लामिछाने | उपसचिव, लोक सेवा आयोग । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर वाणिज्य मन्त्रालय वा अन्तर्गत । |
| ५. | श्री मोहनबहादुर सिजापती | उपसचिव, वाणिज्य मन्त्रालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । |

## सूचना ३

श्री ५ को सरकारले मिति २०४९।३।३ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरका देहायका अधिकृतहरूलाई देहाय बमोजिम सरुवा गरेको छ ।

| क्र. सं. | नाम, थर | साविक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री कमलेशकुमार उपाध्याय | स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, दैलेख । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, शिक्षा तथा संस्कृति मन्त्रालय वा अन्तर्गत । |



४०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २. | श्री हरिहर शर्मा पोखरेल | स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, खोटाङ । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री रामजीप्रसाद गुप्ता | स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय, कपिलवस्तु । | " " |

## सूचना ४

श्री ५ को सरकारले मिति २०४६।३।१६ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तरका देहायका अधिकृतहरूलाई देहायबमोजिम सरुवा गरेको छ ।

| क.सं. | नाम, थर | साबिक पद र कार्यालय | हाल सरुवा भएको पद र कार्यालय |
|---|---|---|---|
| १. | श्री परशु प्रधान | उपसचिव, स्वास्थ्य मन्त्रालय । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, लोक सेवा आयोग वा अन्तर्गत । |
| २. | श्री पशुपति कर्माचार्य | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूह । | राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिवस्तर, गृह मन्त्रालय वा अन्तर्गत । |
| ३. | श्री रामबहादुर खड्का | " " | " " |

## सूचना ५

श्री ५ को सरकारले मिति २०४६।३।१६ को निर्णयानुसार जिल्ला शिक्षा निरीक्षकको कार्यालय धादिङका जिल्ला शिक्षा निरीक्षक श्री सोमबहादुर के.सी.ले आफ्नो पदबाट दिनु भएको राजीनामा मिति २०४६।२।२५ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।